मासिक
# विपद् बुलेटिन
विपद् जोखिम न्यूनीकरण राष्ट्रिय कार्यमञ्च विशेषांक
अंक: ९
२०७८ चैत

## यस भित्र

२ विपद् जोखिम न्यूनीकरण राष्ट्रिय कार्यमञ्चको क्षेत्र र अपेक्षा
४ विषयगत समूह र संलग्न क्षेत्रहरु
५ कार्यमञ्चको अबको बाटो
७ विपद् जोखिम न्यूनीकरणमा प्राज्ञिक क्षेत्रको संलग्नता बारे छलफल सम्पन्न

# विपद् जोखिम न्यूनीकरण राष्ट्रिय कार्यमञ्चको अवधारणा र कार्यक्षेत्रहरु



*अनिता निरौला*

विपद् जोखिम न्यूनीकरण र व्यवस्थापनको क्षेत्रमा सरकार एक्लैले काम गरेर सम्भव हुँदैन । त्यसैले राष्ट्रिय विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन प्राधिकरणले विपद् जोखिम न्यूनीकरणका लागि सबै क्षेत्रको सहभागिता र संलग्नता बढाउने उदेश्यले विपद् जोखिम न्यूनीकरण राष्ट्रिय कार्यमञ्च नेपालको शुरुवात गरेको हो । कार्यमञ्चलाई विपद् व्यवस्थापनका विभिन्न क्षेत्रमा कार्य गर्ने बहुसरोकारवाला निकाय र संस्थाको सहभागिता रहेको खुला मञ्चको रूपमा व्यवस्थित ढङ्गले सञ्चालन गर्न विपद् जोखिम न्यूनीकरण राष्ट्रिय कार्यमञ्च नेपालको कार्यसञ्चालन मार्गदर्शन, २०७६ स्वीकृत गरी लागू गरिएको छ। विपद्बाट उत्थानशील मुलुकको विकासका लागि विपद् जोखिम न्यूनीकरण र व्यवस्थापनका कार्यलाई प्रभावकारी बनाउन सबै तह र तप्कामा यसको अवधारणा विस्तार गर्दै विकाससँग सम्बन्धित सबै विषयगत क्षेत्रका समस्याको सम्बोधनको लागि आवश्यक सुधारका क्षेत्र पहिचान गरी अधिवाचनका साथै सहकार्य अभिवृद्धि गरी सबै क्षेत्रको सहभागिता सुनिश्चित गर्ने आधार तयार गर्नु यस मार्गदर्शनको मूल उद्देश्य रहेको छ ।

प्राधिकरणका प्रमुख कार्यकारीको अध्यक्षतामा रहेको कार्यमञ्च अन्तर्गत ९ विषयगत समूह छन् । यी विषयगत समूहहरुलाई क्रियाशील बनाउँन प्राधिकरणले कार्यमञ्चको सचिवालय प्रकोप पूर्वतयारी सञ्जाल (डिपिनेट) नेपालसंगको सहकार्यमा विभिन्न प्रयासहरु गरेको छ । यी समूहहरुलाई समुदायस्तरसम्म जोड्ने गरी विभिन्न प्रयासहरु भएका छन् । यी समूहहरुले आ-आफ्नो क्षेत्रमा विपद जोखिम न्यूनीकरण तथा व्यवस्थापनका लागि अन्तरक्रिया, छलफल, वकालत, वहस पैरवी, नीति निर्माणका लागि सुझाव दिने र जनचेतना अभिवृद्धिका लागि योगादन गर्न सक्ने भएकाले प्राधिकरणले यिनै क्षेत्रमा विभिन्न पहल गरेको छ । विषयगत समूहहरुले पनि पछिल्लो समयमा स्वत:स्फूर्त रुपमा काम गर्न थालेका छन् ।

विपद् र यसले पार्ने असरको क्षेत्र धेरै फराकिलो हुँदै गएको छ । यसको न्यूनीकरणका लागि राजनीतिज्ञ, कर्मचारी, नागरिक समाज, महिला समूह, बालसमुह, निजी क्षेत्र, एनजिओ, आइएनजिओ देखि आम नागरिकलाई विपदका बारेमा जानकारी हुनुपर्छ । त्यसैले हरेकलाई विपद् जोखिम न्यूनीकरणको क्षेत्रमा समावेश गराउन सकियो भने आफ्नो-आफ्नो क्षेत्रमा आफ्नो-आफ्नो तरिकाले काम गर्न सक्छन् । यहि अवधारणा अनुसार ९ ओटा विषयगत समुहको निर्माण गरिएको हो । कार्यमञ्च भनेकै यिनै विषयगत समूहहरुको सहभागिता र सक्रियताको संयुक्त प्रयास हो ।

विपद् जोखिम न्यूनीकरणका लागि विषयगत समूहको ५ वर्षे कार्ययोजनाको खाका तयार भैरहेको छ । जसमा निजी तथा सरकारी क्षेत्र र अन्तर्राष्ट्रिय तथा राष्ट्रिय गैरसरकारी संस्थाले ले के-के गर्ने भनेर क्रियाकलापको पहिचान, बजेट, जिम्मेवारी बाँडफाँड लगायतका क्षेत्रलाई स्पष्ट पारिने छ । विपद जोखिम न्यूनीकरण सम्बन्धि राष्ट्रिय रणनीति अनुसार अपेक्षित उपलब्धि हासिल गरेमा के, कहाँ र कस्तो फाइदा पुग्छ भन्ने विषय खुल्ने गरि कार्ययोजना बनाउन आवश्यक छ र सोही आवश्यकतालाई सम्बोधन गर्ने कार्ययोजना बनाइने छ ।

विपद जोखिम न्यूनीकरण तथा व्यवस्थापन प्राधिकरणले विषयगत समुहको संस्थागत सुदृढीकरणका प्रयास संगै स्वयंसेवक परिचालन कार्यविधि' र 'विपद जोखिम वित्तिय रणनीति' निर्माण गरिसकेको छ । यस्तै, भूकम्पीय सुरक्षात्मक निर्देशिका बनाउने काम सुरु गर्दैछ । प्राधिकरणले विशेषगरि नीतिगत व्यवस्था निर्माणका लागि धेरै काम गरेको छ । विपद् प्रतिकार्यका लागी प्रयोग हुने उपकरणहरु, गोताखोर तालिम, स्वयंसेवकहरुलाई तालिम दिने, स्वयंसेवकको राष्ट्रिय प्रणाली नै विकास गर्ने, पुर्व सुचना प्रणालीको स्थापना र विकासका लागि पनि काम गर्दैछ। यी सबै कार्य गर्ने शिलशिलामा विषयगत समितिहरुको पनि महत्वपूर्ण सहयोग रहेको छ ।

विपद् जोखिम न्यूनीकरणका लागि निर्माण भएको यी विषयगत समूहको प्रभावकारीता संगसंगै चुनौतीहरु पनि निकै छन् । पहिलो त, विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन प्राधिकरणसंग सानो र सिमित संरचना छ । प्राविधिक जनशक्ति र स्रोत साधन पनि पर्याप्त मात्रामा छैन । त्यसैले प्राधिकरणको क्षमता सुदृढीकरण र विस्तार गर्न जरुरी छ ।

*पृष्ठ २ मा क्रमश...*

पृष्ठ १ बाट क्रमश...

हामीले सामुहिक रुपमा काम गर्नुपर्ने भएकाले तिन तहकै सरकारको समन्वय हुन आवश्यक छ। जोखिमका बारेमा धेरैलाई ज्ञान र बुझाइमा कमि छ। त्यसैले बुझाइमा एकरुपता ल्याउन जनचेतना अभिवृद्धि, विभिन्न तालिम तथा कार्यक्रमहरु आयोजना गरेर सिकाई, अनुभव र ज्ञान आदान प्रदान गर्न जरुरी छ। यो कार्य पनि पर्याप्त मात्रामा गर्न सकिएको छैन।

विपद्का क्षेत्रमा धेरै ओटा निकायहरुले धेरै तरिकाले काम गरेका छन् । ति छरिएर भएका काम र पद्धतिहरुलाई एकद्वार प्रणालीमा ल्याउने, संघ-संस्था तथा निकायहरुबीच एकअर्का बीच समन्वय गर्ने, जिम्मेवारीहरु स्पष्ट गर्ने, संघ, प्रदेश र स्थानीय तहको भूमिकाका बारेमा स्पष्टता ल्याउने कुराहरुमा अझै चुनौती छ । कार्यमञ्च अन्तर्गतका विषयगत समूहको क्रियाशीलताले यी चुनौति र रिक्ततालाई न्यूनीकरण गर्न पनि सहयोग गर्ने अपेक्ष गर्न सकिन्छ। प्राधिकरणले यहि उदेश्य र सोचका साथ काम गरिरहेको छ। (*राष्ट्रिय विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन प्राधिकरणका सहसचिव निरौलासंग गरिएको कुराकानीमा आधारित*) ।

# विपद् जोखिम न्यूनीकरण राष्ट्रिय कार्यमञ्चको क्षेत्र र अपेक्षा




संयुक्त राष्ट्र संघीय विपद् जोखिम न्यूनीकरण अन्तर्राष्ट्रिय सचिवालयबाट विश्वव्यापी रूपमा विभिन्न तहमा विपद् जोखिम न्यूनीकरण कार्यमञ्च गठन गरी विपद् व्यवस्थापनका कार्यलाई समन्वयात्मक र प्रभावकारी बनाउन सबै सरकारलाई आग्रह गरे बमोजिम नेपाल सरकार गृह मन्त्रालयले २०६९ सालमा "विपद् जोखिम न्यूनीकरण राष्ट्रिय कार्यमञ्च" गठन गरेको हो। विपद्बाट उत्थानशील मुलुकको विकासका लागि विपद् जोखिम न्यूनीकरणका कार्यलाई प्रभावकारी बनाउन सबै तह र तप्कामा यसको अवधारणा विस्तार गर्दै विकाससँग सम्बन्धित सबै विषयगत क्षेत्रका समस्याको सम्बोधनको लागि आवश्यक सुधारका क्षेत्र पहिचान गरी अधिवाचनका साथै सहकार्य अभिवृद्धि गरी सबै क्षेत्रको सहभागिता सुनिश्चित गर्ने आधार तयार गर्नु यस कार्यमञ्चको मूल उद्देश्य रहेको छ।

गृह मन्त्रालयका सचिवको अध्यक्षता रहदै आएको कार्यमञ्च, २०७६ साल पौष १० गते देखि राष्ट्रिय विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन प्राधिकरणको प्रमुख कार्यकारीको अध्यक्षतामा संचालन हुदै आएको छ। २०७० साल कार्तिक ७ गते सम्पन्न भएको विपद् जोखिम न्यूनिकरण राष्ट्रिय कार्यमञ्चको बैठकले प्रकोप पूर्व तयार सञ्जाललाई सचिवालयको जीम्मेवारी प्रदान गरेको थियो भने संस्थाको संचालन तथा व्यवस्थापनकोलागि प्राबिधिक सहयोगको जीम्मेवारी युएनडीपीलाई प्रदान गरेको थियो । उक्त निर्णय पश्चात, प्रकोप पूर्व तयार सञ्जालले सचिवालयको जीम्मेवारी अनुरुप बिभिन्न सरोकारवाला संघ संस्था तथा समुहहरुसंग समन्वय गरी सहकार्य गर्दै आईरहेको छ । सचिवालयका रूपमा डिपिनेट नेपालले सरकारी निकायहरू, गैरसरकारी , दातृ निकायहरू, संयुक्त राष्ट्रसंघीय निकायहरू, निजी क्षेत्रहरू, शिक्षाविद्हरू, संचार क्षेत्र र प्रभावित समुदायहरूसँग समन्वय, सञ्जाल र सहकार्यका लागि निरन्तर काम गर्दै आएको छ।

विपद् जोखिम न्यूनीकरण राष्ट्रिय कार्यमञ्च नेपालको कार्यसञ्चालन मार्गदर्शन, २०७६ ले कार्यमञ्चको कार्यक्षेत्र र कार्यसमिति, यसको प्रादेशिक र स्थानीय तहसम्मको विस्तार र सरोकारवाला समूहहरु तोकिदिएको छ । सो मार्गदर्शनले विपद् जोखिम न्यूनीकरण राष्ट्रिय कार्यमञ्चको कार्यसञ्चालनका लागि प्रकोप पूर्वतयारी सञ्जाल-नेपाललाई सचिवालयको रूपमा तोकेको छ। विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन परिषद्, राष्ट्रिय कार्यकारी समिति र प्राधिकरणबाट भएका निर्णय र निर्देशन बमोजिम काम गर्ने जिम्मेवारी डिपिनेटलाई तोकिएको छ। विपद् जोखिम न्यूनीकरण राष्ट्रिय कार्यमञ्चको कार्य क्षेत्र र अधिकारहरु यस्ता रहेका छन्।

- विपद् जोखिम न्यूनीकरणतथा व्यवस्थापन सम्बन्धी उपलब्धि, सिकाइ, चुनौती र आवश्यकता आपसमा आदानप्रदान गर्न संवाद तथा सहकार्य गर्ने,

- असल अभ्यास र नीतिगत व्यवस्थालाई समुदायसम्म सम्प्रेशण गरी उत्थानशीलता अभिवृद्धि गर्न योगदान गर्ने,
- सबै निकाय र क्षेत्रगत समूहबीच समन्वय, सहकार्य, साझेदारी, ज्ञान प्रवर्द्धन, सीप विकासका कार्यलाई समयानुकूल बनाउन सम्बन्धित निकाय र सरोकारवालालाई सुझाव दिने,
- विपद् जोखिमबारेको बुझाइमा एकरुपता ल्याउन जोखिम लेखाजोखा, सूचना प्रणालीको विकास र विस्तार, आपत्कालीन मानवीय सहयोगका विधि र मापदण्डबारे ज्ञान अभिवृद्धि गर्ने,
- विपद् व्यवस्थापनको क्षेत्रमा भएका आधारभूत कार्यको तथ्याङ्क तथा सूचना व्यवस्थित गर्न, देशको जोखिम नक्साङ्कन, विषयगत क्षेत्रअनुरुप अध्ययन तथा अनुसन्धानका ढाँचा तयार गरी सम्बन्धित निकायलाई कार्यान्वयनका लागि सहजीकरण गर्ने,
- विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन सम्बन्धी नीतिगत तथा कार्यगत अधिवाचन गर्ने र नीतिगत तथा कार्यगत दस्तावेजहरूको पुनरावलोकनका लागि सम्बन्धित निकायमा सिफारिस गर्ने,
- विपद्बाट अत्याधिक प्रभावित हुने सीमान्तकृत वर्ग, महिला, बालबालिका, अपाङ्गता भएका व्यक्तिका प्राथमिकता पहिचान गर्न तथा समावेशी विपद् व्यवस्थापनको प्रबर्द्धन गर्न सहजीकरण गर्ने,
- विपद् जोखिम न्यूनीकरणलाई राष्ट्रिय, प्रादेशिक र स्थानीय विकासका विषयगत क्षेत्रमा मूलप्रवाहीकरण गर्न विषयगत क्षेत्रमा अधिवाचन गर्ने,
- विपद् जोखिम व्यवस्थापनलाई सशक्त र प्रभावकारी बनाउन सार्वजनिक-निजी साझेदारीका माध्यमबाट लगानी विस्तार गर्न सघाउने,
- विषयगत समूहबाट प्राप्त सुझाव र सिफारिसको गहन विश्लेषण गरी तिनको यथासम्भव सम्बोधन गर्न सम्बन्धित निकायलाई सिफारिस गर्ने,
- विपद् जोखिम न्यूनीकरण, पूर्वतयारी र आपत्कालीन मानवीय सहयोगलाई स्थानीय तहसम्म सुनिश्चित गर्न अन्तर्राष्ट्रिय लगानीलाई प्रोत्साहन गरी सहकार्य र साझेदारी अभिवृद्धिमा सघाउने,
- सरकारी निकाय, दाता, अन्तर्राष्ट्रिय विकास बैंक र आफ्नो मुलुकमा भएका वा नभएका संयुक्त राष्ट्रसंघीय निकायबाट लगानी प्रबर्द्धनका लागि सहजीकरण गर्ने,
- सरकारी निकाय र गैरसरकारी क्षेत्रबाट विपद् व्यवस्थापनमा भएका राम्रा कार्यलाई विस्तार गर्न, आवश्यकता अनुरुप सुधार गर्न सल्लाह र सुझाव दिने,
- नीतिगत व्यवस्थामा सुधारका क्षेत्र पहिचान गरी समयानुकूल नीतिगत तथा कानुनी व्यवस्था सुनिश्चित गर्न अधिवाचन गर्ने, सरकारलाई सल्लाह र सुझाव दिने,
- सङ्घ, प्रदेश र स्थानीय तहमा समन्वय, साझेदारी र सहकार्य प्रबर्द्धन गर्न कार्यमञ्चको विस्तार गर्न सघाउने,
- विपद् व्यवस्थापनका क्षेत्रमा भएका असल अभ्यासको लेखाङ्कन, अभिलेखीकरण तथा प्रकाशन गर्ने,
- विपद् उत्थानशील समुदायको विकासका लागि विपद् जोखिम न्यूनीकरणसम्बन्धी परम्परागत ज्ञान, सीप र प्रविधिको प्रबर्द्धन गर्दै आधुनिक प्रविधिको विकास र प्रविधि हस्तान्तरणमा सघाउने,
- दिगो विकास लक्ष्य र सेन्डाइ कार्यढाँचालाई आधार मानी बनेको विपद् जोखिम न्यूनीकरण राष्ट्रिय रणनीतिक कार्ययोजना (२०१८-२०३०) अनुरुप अल्पकालीन, मध्यकालीन र दीर्घकालीन कार्ययोजना कार्यान्वयनमा सहजीकरण गर्ने,
- बहुसरोकारवाला समूहसँग सम्पर्क, समन्वय, छलफल र सल्लाहद्वारा सुरक्षित नेपालको विकासका लागि विकासका विषयगत क्षेत्रमा विपद् जोखिम न्यूनीकरणलाई मूलप्रवाहीकरण गरी विपद् जोखिम न्यूनीकरण गर्न सम्बद्ध सरोकारवालाको क्षमता अभिवृद्धिमा सघाउ पुऱ्याउने,
- विपद् जोखिम न्यूनीकरण सम्बन्धी क्षेत्रीय तथा अन्तर्राष्ट्रिय कार्यक्रममा सबैको समानुपातिक सहभागिता गराउने र मुलुकको प्रतिनिधिका रूपमा सहभागी हुन सबै पक्षबीच समन्वय र सहकार्य गर्ने,
- प्रदेश र स्थानीय तहमा कार्यमञ्च गठन गर्न पहल गर्ने र गठन भएका त्यस्ता कार्यमञ्चको अभिलेख राखी आपसमा सूचना र सम्वादमार्फत् उठेका सवालको सम्बोधन गर्न पहल गर्ने,
- विपद् तथा जलवायु जन्य जोखिम व्यवस्थापनका सन्दर्भमा मुलुकको केन्द्र देखि स्थानीय तहसम्म समयानुकूल कार्यक्रम तर्जुमा गरी कार्यान्वयन गर्न सहजीकरण गर्ने ।

नीतिगत रुपमा नेपाल सरकार गृह मन्त्रालयबाट प्राप्त सल्लाह बमोजिम राष्ट्रिय कार्यमञ्चका कार्यक्रम सञ्चालन गर्ने, विपद् व्यवस्थापन सम्बन्धमा प्राधिकरणबाट प्राप्त सुझाव र सल्लाह बमोजिम राष्ट्रिय कार्यमञ्चले गर्नुपर्ने भनिएका कार्य गर्ने, कार्यमञ्चको नियमित कार्य सम्पादनका लागि प्राविधिक तथा व्यवस्थापकीय कार्य गर्ने तथा बहुसरोकारवाला समूहहरूको नियमित बैठक गराई कार्यमञ्चबाट सम्पादन हुने कार्यलाई सहजीकरण गर्ने र त्यसका लागि आवश्यक पर्ने प्रबन्धन गर्ने जिम्मेवारी समेत सचिवालय संस्थाको रुपमा डिपिनेटको रहेको छ । कार्यमञ्चको वार्षिक कार्यक्रम तयार गरी बैठकमा प्रस्तुत गरी स्वीकृत कार्यक्रम सञ्चालन गर्न आवश्यक पर्ने सबै व्यवस्थापकीय कार्य गर्ने जिम्मेवारी पनि रहेको छ ।

मार्गदर्शन र विपद् व्यवस्थापन सम्बन्धित प्रदेश वा स्थानीय ऐनलाई समेत आधार मानेर प्रदेश र स्थानीय सरकारले प्रदेश र स्थानीय कार्यमञ्च गठन गर्न सक्ने व्यवस्था समेत मार्गदर्शनले गरेको छ । प्रदेश र स्थानीय कार्यमञ्च अन्तर्गत सरोकारवाला समूहको गठन स्थानीय आवश्यकता अनुसार गर्न सकिने व्यवस्था गरिएको छ । यदि कार्यमञ्च र सरोकारवाला समूहलाई सबै प्रदेश र स्थानीय तहसम्म लैजान सकिएमा यसले विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापनमा प्रभावकारी सहभागितामूलक अभ्यासको शुरुवात गर्ने अपेक्षा गरिएको छ ।

# विषयगत समूह र संलग्न क्षेत्रहरू




विपद् जोखिम न्यूनीकरण राष्ट्रिय कार्यमञ्च नेपालको कार्यसञ्चालन मार्गदर्शन, २०७६ ले नौ वटा विषयगत सरोकारवाला समूहको व्यवस्था गरेको छ। ती समूहहरुमा विपद् जोखिम न्यूनीकरणका लागि हरेक सरोकारवाला समूहलाई समेट्न खोजिएको छ। मार्गदर्शनले नौ वटा विषयगत समूहमा आबद्ध हुने विभिन्न क्षेत्र समेत स्पष्ट पारेको छ भने ती समूहहरुको जिम्मेवारी समेत तोकेको छ। राष्ट्रिय विपद् जोखिम न्युनिकरण तथा व्यवस्थापन प्राधिकरणका कार्यकारी प्रमुख अध्यक्ष रहने विपद् जोखिम न्यूनीकरण कार्यमञ्चले सबै विषयगत समितिहरुलाई मार्गनिर्देश गर्ने र आवश्यकता अनुसार समन्वय गर्ने काम गर्छ। यो कार्य समितिमा नेपाल सरकारको बिभिन्न मन्त्रालयकाविपद् व्यवस्थापन हेर्ने सहसचिव,राष्ट्रिय योजना आयोगका विपद् व्यवस्थापन सम्पर्क व्यक्ति समेत सदस्य रहने व्यवस्था छ। त्यसैगरी ९ वटै विषयगत समूहका संयोजकहरु समेत मञ्चका सदस्य रहने व्यवस्था छ। त्यस बाहेक विपद् व्यवस्थापनका विज्ञ, अपाङ्गता भएका व्यक्ति, ज्येष्ठ नागरिक, महिलाहरु समेत सदस्यको रुपमा रहने व्यवस्था छ। प्रकोप पूर्वतयारी सञ्जाल-नेपालका अध्यक्ष सदस्यसचिव रहने यो कार्यमञ्चले सबै विषयगत समूहलाई साथमा लिएर काम गर्दै आएको छ।

| विषयगत समूह | संलग्न निकायहरु |
|---|---|
| सरकारी निकायको समूह | संवैधानिक निकाय, मन्त्रालय, नेपाल सरकारका आयोग, सचिवालय, विभागका अधिकारी यस समूहमा रहने छन्। |
| सार्वजनिक संस्थान तथा अर्धसरकारी निकायको समूह | सरकारको स्वामित्वमा स्थापित अर्धसरकारी निकायहरू जस्तै- कर्मचारी सञ्चय कोष, बिमा समिति, पर्यटन बोर्ड, नेपाल विद्युत् प्राधिकरण, नागरिक उड्डयन प्राधिकरण, शाल्ट ट्रेडिङ कर्पोरेसन, नेपाल आयल निगम, दूरसञ्चार प्राधिकरण आदि। |
| प्राज्ञीक तथा अनुसन्धानमूलक समूह | विश्वविद्यालय, शैक्षिक प्रतिष्ठान र अनुसन्धानमूलक प्राज्ञिक निकायहरू आदि। |
| दाता तथा संयुक्त राष्ट्र सङ्घीय समूह | नेपालस्थित संयुक्त राष्ट्र सङ्घीय कार्यालयहरू, द्विपक्षीय तथा बहूपक्षीय दातृ निकायका नेपालस्थित निकाय, विश्व बैंक, एसियाली विकास बैंक आदि। |
| अन्तर्राष्ट्रिय गैरसरकारी संस्था समूह | विपद् जोखिम न्यूनीकरण र आपत्कालीन मानवीय सहयोगमा कार्य गर्न समाज कल्याण मन्त्रालयसँग स्वीकृति प्राप्त नेपालमा कार्यरत विकास साझेदार अर्थात् अन्तर्राष्ट्रिय गैह्र सरकारी संस्थाको समूह। |
| राष्ट्रिय गैह्रसरकारी संस्था समूह | विपद् जोखिम व्यवस्थापन र आपत्कालीन मानवीय सहयोगमा कार्यरत नेपालमा दर्ता रहेका गैह्र सरकारी संस्था, उपभोक्ता समूह, संजालहरु। |
| व्यवसायिक प्रतिष्ठान तथा निजी क्षेत्रका समूह | नाफा आर्जन गर्ने लक्ष्य लिई निजी क्षेत्रबाट सञ्चालन भएका व्यपारिक प्रतिष्ठान, बैंक, वित्तीय तथा सहकारी संस्थाहरु, औद्योगिक प्रतिष्ठानहरू र तिनका संघ तथा महासंघहरू। |
| सूचना प्रविधि तथा सञ्चार समूह | सरकारी वा निजी रूपमा स्थापित सबै प्रकारका आमसंचार सञ्चार माध्यमहरु। |
| विपद् प्रभावित समूह | जोखिम न्यूनीकरण तथा जलवायु परिवर्तनबाट प्रभावित तथा अनुकूलनका लागि समुदाय वा बस्ती तहमा एकीकृत भई कार्य गर्ने समुदायमा आधारित संस्था वा समूह र तिनको सञ्जाल। |

पृष्ठ ५ मा क्रमश...

पृष्ठ ४ बाट क्रमश...

यी समूहहरुको जिम्मेवारी र कार्यक्षेत्र समेत सो मार्गदर्शनले तोकेको छ । मार्गदर्शनले तोके अनुसार सरोकारवाला समूहको जिम्मेवारी यस्तो रहेको छ :

- प्रत्येक सरोकारवाला समूहले आफ्ना क्षेत्रका विपद् सम्बन्धी सवालमा आन्तरिक छलफल र निर्णय गरी आवश्यक कार्यका लागि राष्ट्रिय कार्यमञ्चमार्फत् सरकार वा सम्बन्धित निकाय समक्ष सुझाव दिने,
- विपद् उत्थानशीलता अभिवृद्धिका लागि समन्वय, सहकार्य, साझेदारी मार्फत् विपद् जोखिमबारे सम्बन्धित सरोकारवालामा ज्ञान, सीपको प्रवर्द्धन, सूचना आदानप्रदान, लगानी अभिवृद्धिका कार्यलाई प्रवर्द्धन गर्ने,
- राष्ट्रिय कार्यमञ्चबाट प्राप्त मार्गदर्शनलाई आधार मानेर सरोकारवालाहरूले गरेको कामको अनुगमन गरी उत्थानशीलता अभिवृद्धिमा सहजीकरण गर्ने,
- राष्ट्रिय कार्यमञ्चले गरेका निर्णयको कार्यान्वयन गर्न सघाउने ,
- सरोकारवाला समूह अन्तर्गतका कार्यको पहिचान र कार्यान्वयनका लागि आवश्यक ढाँचा तयार गरी कार्यान्वयन गर्ने,
- विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन सम्बन्धी नीति, ऐन, रणनीतिक कार्ययोजना, कार्यढाँचाको कार्यान्वयनमा सहजीकरण र सहयोग गर्ने ।

# कार्यमञ्चको अबको बाटो




प्रकोप पूर्वतयारी सञ्जाल नेपालले विपद् जोखिम न्युनीकरण तथा व्यवस्थापन संग सम्बन्धित नीतिगत दस्तावेज निर्माण गर्न सहजीकरण तथा आर्थिक श्रोत जुटाउन देखि विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन संग सम्बन्धित राष्ट्रिय तथा अन्तर िष्ट्रिय दिवश मनाउन तथा अन्तर्राष्ट्रिय मञ्चहरुमा नेपाली टोलीको अर्थपुर्ण सहभागिताका लागि बिभिन्न सरोकारवालाहरुसंग समन्वय तथा पहल गर्दै आएको छ ।

नेपाल सरकारको गृह मन्त्रालय तथा राष्ट्रिय विपद् जोखिम न्यूनिकरण तथा व्यवस्थापन प्राधिकरणको नेतृत्वमा USAID Tayar Nepal को आर्थिक सहयोगमा डिपिनेटले विपद् जोखिम न्यूनीकरण राष्ट्रिय कार्यमञ्च, विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापनका सवालहरुमा समान बुझाइ, नीतिगत अधिवाचन, समन्वय र विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापनका प्राथमिकताका बारेमा सुझाव प्रदान गर्नका लागि विपद् जोखिम न्यूनीकरणको क्षेत्रमा कार्यरत संघ संस्थाहरुको साझा मञ्च हो । डिपिनेटलाई कार्यमञ्चको सचिवालय जिम्मेवारी दिइएकाले यसले कार्यमञ्च र सरोकारवाला संस्थाहरुवीच समन्वय गर्न महत्वपूर्ण भूमिका खेल्दै आएको छ। स्थानीय तहका सवाल तथा विषयलाई राष्ट्रिय तहसम्म ल्याएर एकीकृत रूपमा विकासका विषयगत क्षेत्रमा समायोजन गर्दै उत्थानशीलता अभिवृद्धिका लागि सरकारी तथा गैसरकारी क्षेत्रबाट गरिने कार्यलाई प्रभावकारी बनाउन विपद् जोखिम न्यूनीकरण राष्ट्रिय कार्यमञ्चले गरेका निर्णयको प्रभावकारी कार्यान्वयनका लागि आवश्यक कार्य समेत डिपिनेटले गर्दै आएको छ ।

विषयगत समूह गठन र सञ्चालनलाई सहजीकरण गर्दै आएको छ । ९ वटै विषयगत समूह गठन भइसकेका छन् भने ती समूहरु पनि क्रियाशील छन् । विषयगत कार्य प्रक्रियालाई स्पष्ट पार्ने मार्गदर्शनहरु तयार भएका विषयगत समूहहरूका मार्गदर्शनको मस्यौदाको समीक्षा भइरहेको छ । यससँगै बहुसरोकारवाला कार्यमञ्चलाई सुदृढ गर्ने आधार भूत कार्य पहिले नै तयार भइसकेको छ, जसको आधारमा आगामी दिनमा यी कामलाई निरन्तरता दिइदै यो कार्यमञ्च स्थानीय सरकारको स्तरसम्म पुर्‍याउँनु पर्ने आवश्यकता छ ।

कार्यमञ्चको मार्गदर्शनले विपद् जोखिम न्यूनीकरण राष्ट्रिय कार्यमञ्चलाई प्रादेशिक तह तथा स्थानीय तह सम्म बिस्तार गनुपर्ने व्यवस्था गरे बमोजिम आगमी दिनमा यो संरचनालाई विस्तार गर्न सकिएमा सहभागितामूलक विपद् जोखिम न्यूनिरकणको अभ्यास तल्लो तहसम्म पुग्नेछ ।

# विपद् जोखिम न्युनीकरणका लागि संचार संलग्नता बढाउँनु पर्ने



नेपालमा बढ्दै गएको विपद् जोखिमको न्यूनीकरणका लागि मिडियाको भूमिका महत्वपूर्ण हुने भएकाले संचार क्षेत्रले विपद्का सवाललाई व्यापक र गहन ढंगले उठानु पर्ने सरोकारवालाहरुले बताएका छन् । राष्ट्रिय विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन प्राधिकरण र डिपिनेटको सहजिकरणमा विपद जोखिम न्यूनीकरण राष्ट्रिय कार्यमंच' अन्तर्गतको सूचना प्रविधि तथा संचार समूहले वि.सं.२०७८ फागुन २२ गते आयोजना गरेको छलफल कार्यक्रममा सहभागिहरुले उक्त कुरा बताएका हुन् ।

उपस्थित संचारकर्मी तथा सरकारी निकाय र डिपिनेटका प्रतिनिधिहरु बीच विपद् जोखिम न्यूनीकरणमा मिडियाको भूमिका र महत्व बारेमा केन्द्रित छलफलमा विपद् जोखिम न्यूनीकरणका लागि मिडिया पहल विषयमा प्रस्तुति राख्दै सूचना प्रविधि तथा संचार समूहका सहसंयोजक ओमप्रकाश घिमिरेले आर्थिक, सामाजीक, नीतिगत तथा प्राविधिक दृष्टिले विपद् जोखिम न्यूनीकरणका लागि मिडियाको भूमिका अझ व्यापक भएको तथ्यहरु प्रस्तुत गर्नुभयो ।

पछिल्लो ४५ वर्ष (सन् १९७१ देखि २०१५) को अवधिमा नेपालमा ४० हजार बढि मानिसहरुले विपद्का कारण ज्यान गएका छन् । ७५ हजारभन्दा बढी मानिस घाइते भएका छन् भने करिव ३० लाख मानिस प्रभावित भएको तथ्य प्रस्तुत गरिएको थियो । सरकारी आँकडा अनुसार पनि नेपालको कूल क्षेत्रफलको ६० प्रतिशत र कुल जनसंख्याको ८० प्रतिशत मानिसहरु सधै विपद्को जोखिममा रहेको छ । जोखिममा रहेका उनीहरुको जीवन बचाउन पनि संचार क्षेत्रको संलग्नता आवश्यक रहेको बताइएको थियो । हाम्रो कूल गार्हस्थ उत्पादनको २ प्रतिशत हिस्सा विपद्का कारण नोक्सान भएको अवस्था छ । यसलाई न्यूनीकरण गर्न अबका दिनमा मिडियाले सूचना प्रवाह, विचार निर्माण, नीतिको विश्लेषण लगायका क्षेत्रमा काम गर्नुपर्ने सहभागिहरुको भनाई थियो ।

राष्ट्रिय विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन प्राधिकरणका प्रवक्ता डा. डिजन भट्टराईले विपद् जोखिम न्यूनीकरणका लागि सरकारले मिडियासंग सहकार्य गरेर अघि बढ्न चाहेको र यसका लागि कार्यमंच अन्तर्गतको संचार समूह उपयोगी थलो हुने बताउनु भयो ।

डिपीनेटका कार्यवाहक अध्यक्ष डा.राजु थापाले विपद् जोखिम सम्बन्धि ५ वर्षीय कार्ययोजना बनाएर त्यसलाई कार्यान्वयनमा लैजान सके अझै प्रभावकारी हुने बताउँदै नेपाली संचार क्षेत्रले विपद्को बारेमा गरेका कार्यहरुलाई अन्तर्राष्ट्रिय मंचमा समेत लैजानु पर्ने बताउनुभयो ।

सूचना प्रविधि तथा संचार समूहका संयोजक कमला पन्थीले विपद् र समावेशिता देखि विकास र विपद् सम्मलाई गहन ढंगले विश्लेषण गर्नुपर्ने बेला आएको बताउनुभयो । उहाँले यो छलफलबाट आएका सवालहरुलाई अभिलेखमा राखी आगामी दिनमा विपद् जोखिम न्यूनीकरण गर्न मिडियालाई अझ सशक्त बनाउन पहल गर्ने बताउनुभयो । कार्यक्रममा विभिन्न संचार माध्यमका दुई दर्जनभन्दा बढि संचारकर्मीको सहभागिता थियो ।

# अन्तर्राष्ट्रिय गैरसरकारी संस्थाको भूमिका बढाउँन जोड

नेपालको सामाजीक क्षेत्रको विकासका लागि महत्वपूर्ण योगदान दिएका अन्तर्राष्ट्रिय गैरसरकारी संस्थाहरुले विपद्को क्षेत्रमा काम गर्न पनि उल्लेख्य भूमिका खेलेका छन् । विपद्का बेला उद्दार, राहत सामग्री वितरणदेखि पुन:निर्माण र पुन:स्थापनाका कामसँगै जनचेतना वृद्धिमा समेत अन्तर्राष्ट्रिय गैरसरकारी संस्थाको उल्लेख्य भूमिका रहेको छ ।

राष्ट्रिय विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन प्राधिकरण अन्तर्गतको राष्ट्रिय कार्यमञ्चको एक विषयगत समूहको रुपमा रहेको 'अन्तराष्ट्रिय गैरसरकारी संस्था'को समूहले विपद् जोखिम न्यूनीकरणका लागि विभिन्न कार्यहरुमा योगदान गर्न सक्ने यहाँ आयोजित छलफल कार्यक्रममा बताइयो । प्राधिकरणसँगको सहकार्यमा आयोजना गरिएको सो छलफल



कार्यक्रममा अन्तर्राष्ट्रिय गैरसरकारी संस्थाले राष्ट्रियस्तरमा गर्ने कामसँगै अन्तर्राष्ट्रियस्तरमा समेत नेपालले हासिल गरेका उपलब्धिलाई फैलाउन सक्ने हुँदा त्यसका लागि अझै काम गर्नुपर्ने बताइयो ।

प्राधिकरणको प्राथमिकतामा रहेका क्षेत्रहरु सुनिश्चित गरी पाँच वर्षे कार्यकाललाई दिगो बनाउन, नीति निर्माणमा सुझाब सल्लाह दिन, अन्तराष्ट्रिय मञ्चमा विपद्का विषय उठाउन, देशमा विपद्को अवस्था झल्काउने श्रव्य, दृश्य सामाग्री निर्माण गर्नेजस्ता कामका लागि समेत गैरसरकारी संस्थाको भूमिका महत्वपूर्ण रहने विषयहरु छलफलमा उठाइयो । सो अवसरमा राष्ट्रिय विपद् जोखिम तथा न्यूनीकरण प्राधिकरणका उपसचिव डा. डिजन भट्टराईले विपद् जोखिम न्यूनीकरण राष्ट्रिय कार्यमञ्च (एनपिडिआरआर)लाई सबैको समन्वय र सहकार्यबाट मात्र पूर्णता दिन सकिने कुरामा जोड दिनुभयो । कार्यमञ्चको नौ ओटा विषयगत समूहमध्ये 'अन्तराष्ट्रिय गैरसरकारी संस्था'को भूमिका निकै महत्वपूर्ण रहेको बताउँदै यसले विपद् जोखिम न्यूनीकरण कोषसम्बन्धी पारदर्शिता ाूमकबlदष्ठबमl नयखlलउ मा जानकारी राख्ने, प्राथमिकतामा परेका क्षेत्रमा रकम विनियोजन र नीति नियमको विकासमा सरकारलाई सुझाव दिनेजस्ता कुरामा विशेष योगदान पुर्याउने बताउनुभयो । डिपिनेटका महासचिव कैलाश रिजालले राष्ट्रिय विपद् जोखिम तथा न्यूनीकरण व्यवस्थापन प्राधिकरणको क्षमता सुदृढीकरणका लागि समेत विषयगत समूहको महत्व रहेको बताउनुभयो ।

# विपद् जोखिम न्यूनीकरणमा प्राज्ञिक क्षेत्रको संलग्नता बारे छलफल सम्पन्न



विपद् जोखिम न्यूनीकरणमा शैक्षिक र अनुसन्धानात्मक सङ्गठनको भूमिकाका विषयमा भएको छलफल कार्यक्रम काठमाडौंमा सम्पन्न भएको छ । २०७८ फागुन २६ गते आयोजना भएको कार्यक्रममा विपद् जोखिम न्यूनीकरणका लागि व्यापक अध्ययन अनुसन्धान आजको आवश्यकता रहेको सहभागीहरुले बताएका थिए ।

गत असारको पहिलो साता मेलम्चीमा आएको अकल्पनीय बाढीका कारण भएको जनधनको क्षतिको विषयलाई जोड्दै सरकार त्यसको गहिरो अध्ययन अनुसन्धानको क्षेत्रमा चुकेको सहभागीहरुको तर्क थियो । यसका साथै, विपद्सम्बन्धी अनुसन्धानको प्रमाणीकरण, पूर्व सूचना प्रणालीको विस्तार, सरकार र अनुसन्धानकर्ताका बीचमा समन्वय, अनुसन्धानका क्षेत्रमा सरकारले विश्वविद्यालयलाई जिम्मेवारी दिनुपर्ने विषय, दीर्घकालीन अनुसन्धानका लागि बजेट विनियोजन, परम्परागत सिकाइ प्रणालीको परिमार्जनजस्ता विषयहरुलाई छलफलमा प्राथमिकताका साथ उठाइएको थियो ।

विपद्सम्बन्धी अध्ययन अनुसन्धानका लागि विज्ञहरुको समूह गठन गरेर सोहीअनुसार अगाडि बढ्नुपर्ने विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन प्राधिकरणका उपसचिव डा. डिजेन भट्टराइले बताउनुभयो । उहाँका अनुसार विपद् र जलवायु परिवर्तनसम्बन्धी अध्ययन, सङ्घीय, प्रादेशिक र स्थानीय तहमा विपद् जोखिम व्यवस्थापनको सुदृढीकरण, विपद्मा गरिने लगानी, विपद् पूर्वतयारी सम्बन्धी अध्ययनका लागि शैक्षिक र अनुसन्धानात्मक सङ्गठनको विशेष भूमिका रहन्छ । साथै, विपद् जोखिम न्यूनीकरणका क्षेत्रमा अध्ययन अनुसन्धान गर्ने व्यक्तिलाई विपद् विशेषज्ञको रुपमा तोक्नुपर्ने समेत उहाँको भनाइ थियो । कार्यक्रममा डिपिनेटका कार्यवाहक अध्यक्ष डा.राजु थापाले सामुदायिक स्तरमा जीवन र सम्पतिको क्षति कम गर्न प्रमाणमा आधारित तथ्यको आवश्यकता रहेको बताउँदै स्वदेशी ज्ञानलाई ध्यानमा राखेर नयाँ अनुसन्धान विकास गर्नुपर्नेमा जोड दिनुभयो ।

# विपद् प्रभावित समूहलाई सक्षम बनाउँन सरोकारवालाको सुझाव



विपद जोखिम न्यूनीकरण तथा व्यवस्थापन प्राधिकरण अन्तर्गतको राष्ट्रिय कार्यमंचको ९ ओटा विषयगत समूह अन्तर्गत विपद् प्रभावित समूहबीच भएको छलफल कार्यक्रममा सहभागिहरुले विपद् प्रभावित समुदायका लागि धेरै काम गर्न आवश्यक रहेको बताएका छन् । विपद् प्रभावित समूहले भर्चुअल रुपमा आयोजना गरेको कार्यक्रममा सहभागिहरुले विपद् प्रभावित व्यीक्तहरुका समस्यालाई सम्बोधन गर्न राज्यको तर्फबाट विशेष पहल हुनु पर्नेमा त्यसो गर्न नसकिएको गुनासो गरेका छन् ।

कार्यक्रममा प्रभावित समूहका आवाज र समस्यालाई सुनुवाई गर्न नसकिएको गुनासो राख्दै सहभागिहरुले आगमी दिनमा प्रभावित समूहले यी समस्यालाई उजागर गर्दै सम्बोधन गर्ने अवस्था श्रृजना गर्न रचनात्मक भूमिका खेल्नु पर्ने सुझाव दिएका थिए ।

विपद्को बेला सबैभन्दा प्रभावित समूहले आफ्नो ज्यानै जोखिममा राखेर काम गरेको भए पनि त्यसको अभिलेखिकरण हुन नसकेको भन्दै विपद्का सिकाई र भोगाइमा आधारित काम गर्नका लागि यो अभिलेख आवश्यक रहेको धारणा व्यक्त गरिएको थियो । विभिन्न स्थानमा भोगिएका विपद्का समस्यालाई आदानप्रदान गर्ने तर्फ यो समूहले काम गर्नु पर्ने सहभागिहरुको भनाई थियो ।

विपद्सम्बन्धि काम गर्ने सामुदायिक समितिहरु काम सकिएपछि निष्क्रिय हुनुपर्ने अवस्था भएकाले त्यसलाई क्रियाशील बनाउने तर्फ काम गर्दै प्रभावित समूहले देशभरका विपद् प्रभावित समुदायसंग जोडिने गरी काम गर्न सुझाव दिइएको थियो ।

कार्यमञ्च अन्तर्गतको प्रभावित समूह विपद् सम्बन्धी नीति निर्माण देखि योजना तथा कार्यक्रम बनाउने कार्यका लागि निकै महत्वपूर्ण भएकाले यसको दीगोपना र प्रभावकारी संचालनका लागि सरकार, सरोकारवाला क्षेत्र र समुदाय सबैको भूमिकालाई जोड्ने गरी काम गर्न आवश्यक रहेको बताइयो ।

यो समूहलाई प्रभावकारी बनाउनका लागि तालिम, छलफल, सभा, गोष्टि, जस्ता क्षमता विकासका कार्यक्रमलाई देशभर फैलाउँन आवश्यक रहेको सहभागिहरुको भनाइ थियो ।

यस्ता कार्यक्रमले क्षतिको तथ्यांक संकलन गर्न, मुल्यांकन गर्न तथा प्रभावितहरुलाई आवश्यक पर्ने सहयोगको व्यवस्था गर्न समेत सहयोग पुग्ने उनीहरुको भनाई थियो ।

राष्ट्रिय विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन प्राधिकरणका प्रमुख कार्यकारी तथा कार्यक्रमका प्रमुख अतिथि अनिल पोखरेलले विपद् प्रभावित समूहका समस्यालाई सम्बोधन गर्न प्राधिकरण सधै प्रयत्नरत रहेको भन्दै मेलम्ची घटनाले त्यस आसपासका मानिसहरुलाई पारेको प्रभावले नेपालको हिमालय क्षेत्र र जोखिमलाई थप बुझ्न आवश्यक रहेको बताउनुभयो । उहाँले कार्यमञ्च तथा विषयगत समूहको विपद् जोखिम सम्बन्धि कार्ययोजना बनाएर अघि बढेको खण्डमा विपद् प्रभावितको धेरै समस्यालाई सम्बोधन गर्न सहज हुने बताउनुभयो । उहाँले विपद् प्रभावित समूहलाई काम गर्नका लागि आवश्यक सहयोग गर्ने प्रतिवद्धता व्यक्त गर्दै विपद् व्यवस्थापनमा नतिजामुखि काम गर्न प्रभावित समूहको महत्वपूर्ण योगदान हुने बताउनुभयो ।

डिपीनेटका कार्यवाहक अध्यक्ष डा.राजु थापाले १० भन्दा बढि बैठक र छलफल गरेर राष्ट्रिय कार्यमंच गठन गरेकाले यसबाट सहभागितामूलक ढंगले विपद् जोखिम न्यूनीकरणको अभ्यासलाई नमूनाको रुपमा अघि बढाउन सकिने बताउनुभयो । प्रभावित समुह सबै भन्दा बढी विपद्को असर भोगेको समूह भएकोले यो समूहबाट आउने आवाज तथा अनुभवहरु समग्र विपद्कै क्षेत्रमा काम गर्नका लागि उपयोगी र प्रभावकारी हुने बताउनुभयो ।

# गैरसरकारी संस्थाको समन्वय बढाउँन आवश्यक



गैर-सरकारी संस्थाको स्थानियकरण, विपद्सम्बन्धि गरेका काम र अनुभव साटासाट गर्ने, लैङ्गिक समानता तथा समावेशिकरणलाई विपद्संग जोड्ने कार्यमा गैरसरकारी संथाहरुले उल्लेख्य भूमिका खेल्न सक्ने बताइएको थियो । गैरसरकारी संस्थाहरुका कार्यलाई एकीकृत गर्ने, यस्ता कार्यलाई एकिकृत योजनामार्फत एकद्वार प्रणालीबाट अगाडी बढाउने काम गर्न आवश्यक रहेको भन्दै नेपालले गरेका नमूना कामलाई अन्तर्राष्ट्रिय स्तरमा लैजानका लागि गैरसरकारी संस्थाको महत्वपूर्ण भूमिकाका हुने बताइएको थियो ।

विपद जोखिम न्यूनीकरण तथा व्यवस्थापनमा गैरसरकारी संस्थाको समन्वयात्मक भूमिका थप प्रभावकारी बनाउनुपर्नेमा सहभागीहरुले जोड दिएका छन् ।

उनीहरुले विपद् जोखिम न्यूनीकरणका लागि गैरसरकारी संस्थाहरुले सरकारी तथा अन्य विषयगत समूहहरुसंग सहकार्य गरेर काम गर्न सकेमा यसबाट थप नतिजामुखी काम गर्न सकिने भन्दै आगामी दिनमा यो पाटोलाई ख्याल गर्नुपर्ने बताएका थिए ।

विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन प्राधिकरणको सहकार्यमा डिपीनेटले आयोजना गरेको गैरसरकारी संस्थाको समूहगत छलफलमा सहभागिहरुले सो धारणा राखेका हुन् ।

कार्यक्रममा विष्णु प्रसाद तिमल्सिनाले गैर सरकारी संस्थाको उद्देश्य, समितिमा सदस्यहरूको प्रावधान, वार्षिक बैठक प्रक्रिया, भूमिका र विषयगत समितिको जिम्मेवारीका बारेमा प्रष्ट्याउँदै गैर सरकारी निकायहरु समावेशी र अपाङ्गतामैत्री हुनुपर्ने बताउनुभयो ।

डीपीनेटका कार्यवाहक अध्यक्ष डा.राजु थापाले महामारी र विपदका समयमा गैरसरकारी संस्थाले अग्र पंक्तिमा रहेर काम गरेकाले यसबाट भएका अनुभव र सिकाईलाई नीति निर्माण देखि योजना निर्माणसम्म उपयोग गर्न सकिने बताउनुभयो । अबका दिनमा गैर-सरकारी संस्थामा रहेका रिक्तता र चुनौतीहरुलाई सम्बोधन गर्ने किसिमका नीति, योजना तथा कार्यक्रमहरु तय गर्न समेत उहाँको सुझाब थियो ।

## अनुरोध

**प्रकोप पूर्वतयारी सञ्जाल नेपाल (डिपिनेट) ले मासिक रुपमा प्रकाशन गर्दै आएको विपद् बुलेटिनलाई निरन्तरता दिएको छ । यो बुलेटिनमा सरकारी निकाय, संयुक्त राष्ट्र संघीय एजेन्सी, गैर सरकारी संस्था, विकास साझेदार, निजी क्षेत्र तथा समुदायबाट विपद्को क्षेत्रमा भए गरेका गतिविधि, सिकाइ, उपलब्धी सम्बन्धी सान्दर्भिक फोटो तथा प्रकाशनका लागि उपयुक्त हुने सामग्री निम्न ठेगानामा पठाउनुहुन हार्दिक अनुरोध गर्दछौं ।**

USAID अमेरिकी जनताबाट

DPNet Nepal

**प्रकोप पूर्वतयारी सञ्जाल नेपालको सचिवालय**
कार्यालय रेडक्रस रोड, कालीमाटी, काठमाण्डौं
फोन नं. : ०१-४६७२१६५, ६२२६६१३
Email: dpnet@dpnet.org.np
https://www.dpnet.org.np

**स्वीकारोक्ति**

यस बुलेटिन भित्रका विषयवस्तु र सामग्री डिपिनेटका एकल जिम्मेवारी हुन् र तिनले युएसएआइडी वा अमेरिकी सरकारको विचारको प्रतिविम्बित गर्छन् भन्ने जरूरी छैन ।